# आकाशवाणी समाचार

May 09, 2026

**प्रमुख समाचार**

१. प्रधानमन्त्रीले भोली तेरङ्गानामा रेलवे पूर्वाधार परियोजनाहरूको गर्नुहुनेछ उद्घाटन

२. पश्चिम बंगालमा मुख्यमन्त्रीको शपथ ग्रहण सम्पन्न

३. भारतीय विदेशमन्त्रीद्वारा ट्रिनिडाड तथा टोबागोमा झण्डोत्तलन समारोहलाई सम्बोधन

४. चिलीका विदेशमन्त्री मे १५ सम्म भारतको औपचारिक भ्रमणमा

५. तामिलनाडुमा नयाँ सरकार गठनमा थप ढिलाइ

## PM-Telangana

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि तेलङ्गानामा लगभग १ हजार ५३५ करोड रुपियाँ बराबरको रेलवे पूर्वाधार परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। उहाँले ११८ किलोमिटर लामो काजीपेट-विजयवाडा बहु-ट्र्याकिङ परियोजना र काजीपेट रेल अन्डररेल बाइपासको उद्घाटन गर्नुका साथै धेरै कार्यक्रममा भाग लिनुहुनेछ। यी परियोजनाहरूको उद्देश्य क्षमता वृद्धि गर्नु र प्रमुख रेलवे मार्गहरूमा भीडभाड कम गर्नु हो। प्रधानमन्त्रीले भोलि साँझ सिकन्दराबादको परेड ग्राउन्डमा सार्वजनिक ऱ्यालीमा पार्टी कार्यकर्ताहरूलाई सम्बोधन पनि गर्नुहुनेछ।

## WB CM Oath

भाजपा विधायक दलका नेता शुभेन्दु अधिकारीले आज पश्चिम बंगालको मुख्यमन्त्रीका रूपमा शपथ लिनुभयो। उहाँले राज्यमा पार्टीको पहिलो सरकारको नेतृत्व गर्दै हुनुहुन्छ। राज्यपाल आर.एन. रविले कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा आयोजित समारोहमा श्री अधिकारीलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो। मुख्यमन्त्रीसँगै पाँच जना क्याबिनेट मन्त्रीहरूले पनि शपथ लिएका छन्। क्याबिनेट मन्त्रीहरूमा दिलीप घोष, अग्निमित्र पल, अशोक कीर्तनिया, निशित प्रामाणिक र खुदिराम टुडु रहेका छन्।

## Foreign Minister-Trinidad

ट्रिनिडाड तथा टोबागोका भ्रमणमा रहेका विदेशमन्त्री डा. एस. जयशंकरले त्यहाँका विदेश तथा क्यारिकम मामिला मन्त्रालयमा आयोजित झण्डोत्तोलन समारोहलाई सम्बोधन गर्नुभयो। उहाँले भारत र ट्रिनिडाड तथा टोबागोबीचको परम्परागत सम्बन्धको प्रशंसा गर्दै, दुई राष्ट्रलाई जोड्ने गहिरो सांस्कृतिक बन्धन र ऐतिहासिक सम्बन्धबारे प्रकाश पार्नुभयो। विदेशमन्त्रीले ट्रिनिडाड तथा टोबागोका प्रधानमन्त्री कमला प्रसाद बिसेसरसँग पनि भेट गरी द्विपक्षीय सहयोगलाई अझ सुदृढ पार्ने सम्बन्धमा छलफल गर्नुभयो। उहाँले यस भ्रमणका क्रममा पर्यटनसँग सम्बन्धित पहलहरू, विदेश तथा क्यारिकम मामिला मन्त्रालय भवनको सौर्य ऊर्जा, विभिन्न विकास परियोजना र आयुर्वेद केन्द्रको स्थापना सहित धेरै सम्झौतामा सहमति भएको जानकारी दिनुभयो।

## Chile FM

चिलीका विदेशमन्त्री फ्रान्सिस्को पेरेज म्याकेना आजदेखि मे १५ सम्म भारतको औपचारिक भ्रमणमा रहनुहुनेछ। श्री म्याकेना भोलि दिल्लीमा हुने कार्यक्रममा सहभागी हुनुहुनेछ। आउँदो सोमबार, उहाँ भारतको खाद्य आयातकर्ता मञ्च र एसोचेमद्वारा आयोजित कार्यक्रमहरूमा सरिक हुनुहुनेछ। त्यसैगरी मङ्गलबार, श्री म्याकेनाले वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलसँग वार्ता गर्नुहुनेछ र भारतीय उद्योग परिसंघको वार्षिक व्यापार शिखर सम्मेलनमा भाग लिनुहुनेछ।

## Tamilnadu-Govt form

बहुमत प्राप्त गर्न आवश्यक समर्थन जुटाउन नसक्दा तमिलनाडुमा नयाँ सरकार गठनमा थप ढिलाइ भइरहेको छ। मार्क्सवादी कम्युनिष्ट पार्टीका राष्ट्रिय महासचिव बेबीले सबैभन्दा ठूलो दललाई सरकार गठन गर्न आमन्त्रित गर्नु राज्यपालको कर्तव्य रहेको बताउनुभएको छ। उहाँले चेन्नईमा बोल्दै, राज्यपाल केन्द्र सरकारको आदेशमा काम गरिरहेको आरोप लगाउँदै, भाजपाले लोकतान्त्रिक प्रक्रियामा ढिलाइ गरेर अखिल भारतीय अन्ना द्रमुक पार्टीलाई सत्तामा ल्याउने प्रयास गरिरहेको थप बताउनुभयो।

## Tagore Jayanti

आज रवीन्द्रनाथ टेगोरको १६५ औँ जन्मजयन्ती हो। यस अवसरमा विद्यालय र सांस्कृतिक संस्थानहरूले बिहानै प्रभातफेरी जुलुसको आयोजना गरे। शान्तिनिकेतनको गौर प्राङ्गनमा बैतालिक गीतहरूका साथ दिनको सुरुवात गरियो। यस अवधि वैश्विक रूपमा सांस्कृतिक कार्यक्रमहरू आयोजना भइरहेका छन्। उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, रक्षामन्त्री राजनाथ सिंह र गृहमन्त्री अमित शाहले यस अवसरमा रवीन्द्रनाथ टेगोरलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

## USA-Indo AI

अमेरिकाले भारत लगायत दक्षिण र मध्य एसियाका देशहरूलाई विश्वस्तरीय प्रविधिमा पहुँच प्रदान गर्न चाहेको बताएको छ ताकि उनीहरू विरोधी राष्ट्रहरूमा निर्भर रहन नपरून्। अमेरिकी विदेश विभागका सहसचिव बेथानी मोरिसनले अमेरिका-भारत ए.आई र उदयमिन प्रविधि फोरममा यो बयान दिनुभएको हो। मोरिसनका अनुसार, अमेरिकाले आफ्नो ए.आई प्रविधि विश्वसँग साझा गर्न चाहेको जानकारी दिनुभयो। उहाँले ए.आई क्षेत्रमा भारतको सहभागिता बढिरहेको र भारत-अमेरिका सहयोगले दुवै देशलाई वास्तविक लाभ पुऱ्याइरहेको पनि बताउनुभयो।

## Hanta Virus

वैश्विक रूपमा हान्ता भाइरसका दुई नयाँ शङ्कास्पद मामिला रिपोर्ट गरिएका छन्। एउटा सङ्क्रमण स्पेनमा र अर्को सङ्क्रमण दक्षिण एट्लान्टिक महासागरको दुर्गम टापु ट्रिस्टन दा कुन्हामा परेका छन्। यी मामिलाहरू लक्जरी क्रूज जहाजमा उत्पन्न भएको बताइएको छ। यस सङ्क्रमणको उदयले चिन्ता बढाएको छ। अहिलेसम्म, भाइरसबाट तीन जनाको मृत्यु भइसकेको छ। तर, विश्व स्वास्थ्य सङ्गठनले आम जनतामा यस भाइरसको जोखिम कम रहेको र भाइरस सजिलै फैलिन नसक्ने बताएको छ।

## Brics Agro Meet

**ब्रिक्स शिखर सम्मेलन** २०२६ को एक भागका रूपमा रहेको कृषि कार्य समूहको पाँचदिने अन्तर्राष्ट्रिय सम्मेलन आज मध्य प्रदेशको इन्दौरमा सुरु भयो। सम्मेलनमा ब्राजिल, रूस, चीन, दक्षिण अफ्रिका, साउदी अरेबिया, इरान, इन्डोनेसिया र मलेसिया लगायत २१ देशका कृषि मन्त्रीहरू, वरिष्ठ अधिकारीहरू, वैज्ञानिकहरू र नीति निर्माताहरूले भाग लिइरहेका छन्। केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानका अनुसार यी देशहरूमा विश्वका लगभग ६८ प्रतिशत किसानहरू बसोबास गर्छन्। सम्मेलन दुई चरणमा आयोजना हुनेछ। पहिलो चरण आजबाट सुरु भएर जून ११ सम्म जारी रहनेछ। यस अवधि वरिष्ठ अधिकारीहरूले खाद्य सुरक्षा, स्मार्ट खेती, जलवायु परिवर्तन र किसान कल्याण जस्ता प्रमुख विषयहरूमा छलफल गर्नेछन्।

## Panchayat Award

सरकारले राष्ट्रिय पञ्चायत पुरस्कार २०२५ का विजेताहरू घोषणा गरेको छ। यी पुरस्कारहरू देशभरबाट छनौट गरिएका ४२ पञ्चायतलाई प्रदान गरिनेछ। पञ्चायती राज मन्त्रालयले पुरस्कार समारोह जून ३ मा नयाँ दिल्लीमा आयोजना हुने बताएको छ। मन्त्रालयका अनुसार, कर्नाटकले सबैभन्दा धेरै पुरस्कार प्राप्त गरेको छ, जसमा छ पञ्चायत छनौट भएका छन्। त्यसपछि आन्ध्र प्रदेश र ओडिशा छन्, जसमा पाँच-पाँच पञ्चायत छन्।

## IPL

आईपीएल क्रिकेटमा आज राजस्थान रोयल्सले जयपुरमा गुजरात टाइटन्सको सामना गर्नेछ। यो खेल साँझ ७:३० बजेदेखि सुरु भइरहेको छ। यसअघि, हिजो राति दिल्लीमा सम्पन्न खेलमा कोलकाता नाइट राइडर्सले दिल्ली क्यापिटल्सलाई ८ विकेटले पराजित गरेको छ। १४३ रनको लक्ष्यको जवाफमा कोलकाता नाइट राइडर्सले १४ ओभर र २ बलमा २ विकेट गुमाउँदै १४७ रन बनाएको थियो।

## Under-17 Football

फुटबलमा, भारतले हिजो चीनको सुझाउमा लेबनानलाई ४-० ले हराउँदै ए.एफ.सी अन्डर-१७ महिला एसियाली कपको क्वार्टरफाइनलमा प्रवेश गरेर इतिहास रचेको छ। भारतका लागि प्रीतिका बर्मनले ७ औँ र ८५ औँ मिनेटमा, अल्वा देवी सेन्जामले ३६ औँ मिनेटमा र जोयाले ७२ औँ मिनेटमा गोल गरे। यस प्रतियोगिताको सेमिफाइनलमा पुगेपछि भारतले २०२६ को फिफा अन्डर-१७ महिला विश्वकपमा स्थान सुरक्षित गर्नेछ।

## Archery-India

आज चीनको सांघाईमा भएको आर्चरी विश्वकप २०२६ चरण २ मा साहिल जाधवले पुरुष एकल कम्पाउन्ड स्पर्धामा काँस्य पदक जिते। साहिलले काँस्य पदक प्लेअफमा डेनमार्कका अनुभवी खेलाडी एवं प्रशिक्षक मार्टिन डम्बोलाई १४७-१४४ ले पराजित गर्दै, जारी प्रतियोगितामा भारतको पहिलो पदक सुरक्षित गरे। गत वर्ष सांघाईमा भारतले पाँच कम्पाउन्ड पदक जितेको थियो।

**प्रमुख समाचार पुनः एकपटक**

१. प्रधानमन्त्रीले भोली तेरङ्गानामा रेलवे पूर्वाधार परियोजनाहरूको गर्नुहुनेछ उद्घाटन

२. पश्चिम बंगालमा मुख्यमन्त्रीको शपथ ग्रहण सम्पन्न

३. भारतीय विदेशमन्त्रीद्वारा ट्रिनिडाड तथा टोबागोमा झण्डोत्तलन समारोहलाई सम्बोधन

४. चिलीका विदेशमन्त्री मे १५ सम्म भारतको औपचारिक भ्रमणमा

५. तामिलनाडुमा नयाँ सरकार गठनमा थप ढिलाइ